## देवचुली नगरपालिका

# स्थानीय राजपत्र


खण्डः७ संख्याः१४

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८२/०१/०५

प्रमाणिकरण मिति २०८२/०१/०३

**कार्यापालिकाबाट स्वीकृत मितिः२०८१/११/२३**


### भाग २

### साईलेज उद्योग संचालन निर्देशिका २०८१

प्रस्तावनाः

देवचुली नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखराको लागत साझेदारीमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थापना भएको साईलेज उद्योगलाई दिगो एवम् भरपर्दो रुपमा संचालन गर्नको लागि देवचुली नगरकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम " साईलेज उद्योग संचालन निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "उद्योग" भन्नाले नगरपालिका मातहतमा रहेको साईलेज उद्योग सम्झनु पर्दछ।

(ख) "कृषक" भन्नाले पशुपालन तथा खेतीपातीमा संलग्न किसानलाई सम्झनु पर्दछ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहना भएका १० देखि २५ जना कृषकहरु भई निर्माण गरिएको समूहलाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले देवचुली नगरकार्यपालिका सम्झनु पर्दछ ।

(च) "संस्था " भन्नाले आधिकारिक निकायमा दर्ता भई संचालन भएका निजी फर्म, सहकारी संस्था वा सामुहिक संस्थालाई सम्झनु पर्दछ।

(छ) मूल्याकन समिति" भन्नाले यस कार्यविधिको दफा ५ अनुसारको समिति सम्झनु पर्दछ ।

(ज) "शाखा" भन्नाले देवचुली नगरपालिका, पशु सेवा शाखा सम्झनु पर्दछ।

देवचुली नगरपालिका राजपत्र

(झ) "समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ७ को खण्ड (क) अनुसारको समिति सम्झनु पर्दछ ।

(ञ) "साइलेज" भन्नाले मकै, टियोसेन्टी लगायतका हरियो घाँसहरुलाई उपयुक्त अवस्थामा काटी स-सानो टुक्रा बनाई साईलेज बेलर मेशिनको मद्दतले प्लाष्टिकले बेरेर हावा नछिर्ने गरी कम्तीमा १ महिनासम्म राखी तयार गरिएको पशु आहार सम्झनु पर्दछ ।

**३. उदेश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क. साईलेज उद्योग नगरपालिका आफैले संचालन गर्नको लागी वा संस्थाले संचालन गर्नको लागी कानूनी आधार तयार गर्नु ।

ख. उत्पादित साईलेज देवचुली नगरपालिकाका पशुपालक कृषकहरुलाई प्राथमिकता दिई खपत नभएको साईलेज प्रतिस्पर्धी मूल्यमा बिक्री गर्नु

ग. गाईभैसीको दुध उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु ।

घ. देवचुली नगरपालिकाका कृषकहरुलाई साईलेज उत्पादन प्रयोजनको लागि मकै र टियोसेन्टी लगायतका हरियो घाँस उत्पादनमा प्रोत्साहन गर्नु,

## परिच्छेद २

### साईलेज उद्योग संचालन सम्बन्धी व्यवस्थाः

**४. उद्योग संचालन विधिः**

क) नगरपालिकाले आफै संचालन गर्न सक्नेः

१) साईलेज उद्योग कार्यपालिकाले निर्णय गरी अर्को व्यवस्था नभए सम्मको लागी आफै संचालन गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम उद्योग संचालन गर्दा नगरपालिकाले साईलेज उद्योगको लागी आवश्यक जनशक्ति व्यवस्था गरी छुटै साईलेज ईकाई खडा गरी संचालन गर्नुपर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

३) उपदफा १ बमोजिम उद्योग संचालनको लागी आवश्यक जनशक्ति  कार्यपालिका बाट स्वीकृत गरी गर्नुपर्नेछ ।

४) उपदफा ३ बमोजिम व्यवस्था भएका जनशक्तिको सेवा सुविधा उत्पादनमा आधारित (प्रति इकाई) रहि उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

५) साइलेज उद्योगकको आय व्यव विवरणको छुटै हिसाव किताब राखी मासिक रुपमा कार्यालयमा पेश गर्नु पर्ने छ ।

६) उद्योग संचालनको लागी छुटै इकाई खडा भएतापनी पशु सेवा शाखाले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

७) उपदफा २ बमोजिम छुट्टै इकाई खडा नगर्दा सम्मको लागी अल्पकालिन रुपमा पशु सेवा शाखाले नै छुटै इकाईको रुपमा रहि कार्य गर्नको लागी कुनै बाधा पुर्याएको मानिने छैन ।

ख) एकमुष्ट ठेक्का आवह्वन गरी संस्था मार्फत संचालन गर्न सकिनेः

१) कार्यपालिकाले आवश्यक ठानेको खण्डमा निर्णय गरी एकमुष्ट ठेक्का आवह्वान गरी संस्था मार्फत उद्योग संचालन गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम उद्योग संचालन गर्नको लागी १५ दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी प्रस्ताव आवह्वान गर्नुपर्नेछ ।तर त्यसरी प्रस्ताव पेश गर्ने संस्था कृषि क्षेत्र सँग काम गर्ने संस्था भएको हुनुपर्नेछ ।

३) प्रस्ताव आवह्वाको सूचना  संस्थाले नगरपालिकालाई वार्षिक रुपमा एकमुष्ट दिन सक्ने न्यूनतम रकम तोकि गर्नु पर्नेछ । न्यूनतम रकम पशु सेवा शाखा सहितको संलग्नतामा राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाले तोक्नेछ । त्यसरी तोकिएको न्यूनतम रकमको आधारमा सूचना प्रकाशन गरी बोलकबोल रकममा प्रत्येक दुई वर्षमा १० प्रतिशत

रकम बढ्ने गरी बढीमा ३ वर्षको सम्झौता गर्नुपर्नेछ । प्रत्येक वर्ष सम्झौता नविकरण गर्ने व्यवस्था गरी संस्थाले अग्रिम रुपमा राजस्व दाखिला (कम्तिमा ५० प्रतिशत नगद र बाकी बैक ग्यारेन्टी) गर्नुपर्नेछ ।

४) प्रस्ताव आवह्वान निर्देशिकाको अनुसुचि १ बमोजिम  गर्नु पर्नेछ ।

५) संस्थाले प्रस्ताव पेश निर्देशिकाको अनुसुचि २ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

६) पेश भएका प्रस्तावहरुको निर्दिशिकामा व्यवस्था भएको मूल्याङकन समिति बाट मूल्याङकन गर्नुपर्नेछ ।

७) प्रस्तावमा सबै भन्दा बढी बोलकबोल गर्ने संस्थालाई मूल्याङकन समितिले छनौटका लागी सिफारिस गर्नु पर्नेछ ।

८) छनौट भएको संस्थासँग अनुसुची ५ बमोजिम ढाँचामा सम्झौता गर्नु पर्नेछ । सूचना प्रकाशन गर्दा बोलकबोल रकमको कम्तिमा ५० प्रतिशत रकम सम्झौताको समयमानै राजस्व खातामा दाखिला गर्ने गरी र बाँकी रकमको बैकं ग्यारेन्टी लिएर मात्रै सम्झौता गर्ने व्यवस्था गर्नुपर्नेछ । अग्रिम रुपमा सम्पूर्ण बोलकबोल गरेको रकम जम्मा गरी सम्झौता प्रक्रिया अगाडी बढाउन समेत कुनै बाधा पुग्ने छैन ।

९)यसरी छनौट भएको  संस्थाले समन्वय समितिको समन्वयमा रही साईलेज उद्योग संचालन गर्नेछ  ।

१०)  संस्थाले साईलेज उत्पादन तथा भण्डारण कार्यको लागि प्रयोग हुने साईलेज उद्योगका भौतिक संरचना तथा सम्झौतामा उल्लेख भएका मेशिनरी औजार तथा उपकरणहरु निशुल्क उपभोग गर्न पाउनेछ ।

११) संस्थाले सम्झौता अवधिभर साईलेज उद्योगका भौतिक संरचना तथा सम्पूर्ण मेशिनरी औजार तथा उपकरणहरुको नियमित तथा आकश्मिक मर्मत सम्भार गर्नु पर्नेछ।सम्झौताको अवधि समाप्त भए पश्चात समेत उद्योगको

संरचना र सम्पूर्ण मेशिनरी औजार तथा उपकरण मर्मत संभार गरी नगरपालिकालाई बुझाउनु पर्नेछ ।

१२) साईलेज उद्योग संचालनका लागि प्रस्ताव आब्हान गर्दा सन्तोषजनक प्रस्ताव प्राप्त नभएमा वा कसैबाट पनि प्रस्ताव पेश नभएमा स्थापित साईलेज उद्योग संचालनको जिम्मेवारी देवचुली नगरपालिकाको हुनेछ ।

१३) साईलेज उद्योगमा रहेका भौतिक संरचना तथा मेशिनरी औजारको प्रयोग सम्वन्धमा थप केहि कुरा प्रष्ट गर्नुपर्ने भएमा समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१४) संस्थाले सन्तोषजनक रुपमा संचालन गर्न नसकेमा १५ दिन अगाडी सूचना दिई नगरपालिकाले सम्झौता भङ्ग गर्न सक्नेछ ।

१५) संस्थाको कार्य सन्तोषजक भएमा बढीमा बढीमा ३ वर्ष सम्म कार्यपालिकाले नियमअनुसार (थप दुई आर्थिकवर्ष) म्याद थप्न सक्नेछ।

**५. मुल्यांकन समिति :**

क)निर्देशिकाको दफा ४ (ख) को बुदा नं ५ बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङकन गर्न देहाय अनुसार मूल्याङकन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| आर्थिक विकाश शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**६. समितिको काम, कर्तव्य र अधिकारः**

क. साईलेज उद्योग संचालनको सूचना प्रकाशन गर्ने ।
ख.पेश भएका प्रस्तावहरुको मूल्याङकन गर्ने ।
ग. संस्थाले पेश गरेको मुल्याङकन प्रतिवेदन तयार पारी संस्था छनौटका लागी कार्यपालिकामा सिफारिस गर्ने ।

देवचुली नगरपालिका राजपत्र

# परिच्छेद ३

## सेवा संचालन सम्वन्धि

### ७. सेवा संचालन प्रक्रिया

क) साईलेज उद्योग संचालन कार्यक्रमको लागि देहाय बमोजिमको नगरस्तरीय समन्वय समिति गठन हुनेछ ।

| | |
|---|---|
| • नगर प्रमुख | संरक्षक |
| • प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| • आर्थिक विकास समिति सयोजक | सदस्य |
| • कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको दुईजना कार्यपालिका सदस्य | सदस्य |
| • आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| • कृषि बिकास शाखा प्रमुख | सदस्य |
| • संस्थाको आधिकारिक प्रतिनिधि | सदस्य |
| • पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

ख) समन्वय समितिको काम, कर्तव्य र अधिकारः

१) साईलेज उद्योग संचालन कार्यक्रमलाई सुचारु रुपमा संचालन गर्न आवश्यक वातावरण तय गर्ने ।

२) नगरपालिकाले आफैले उद्योग संचालन गरको हकमा साईलेज उद्योगमा साईलेज उत्पादन गर्न लाग्ने सम्पूर्ण खर्चको लेखाजोखा गरी कृषकहरुबाट खरिद गरिने मकै, टियोसेन्टी, नेपियर लगायतका घाँसको खरिद मुल्य तथा उत्पादित साईलेजको बिक्री मुल्य तय गर्ने ।

३) साईलेज उद्योग संचालनका क्रममा आईपर्ने समस्याहरुको समाधान गर्ने ।

ग) समन्वय समितिको बैठकः

१) समितिको बैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ । तर त्यस्तो बैठक कम्तिमा दुई महिनाको एकपटक बस्नुपर्नेछ ।तर आवश्यकता अनुसार बैठक बस्न बाधा पुग्ने छैन ।

देवचुली नगरपालिका राजपत्र

२)  सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठकको कार्यसूचि सहित बैठक हुने स्थान र समयको सूचना सामान्यतया बैठक हुनुभन्दा २४ घण्टा अगावै प्रत्येक सदस्यलाई दिनुपर्नेछ ।

३)  समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

घ)  समन्वय समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरुको गठन गर्न सक्नेछ ।

उपसमितिको पदावधि, काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

**८) <u>भूमिका</u>**: उद्योग संचालनमा संलग्न हुने निकायहरुको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको भूमिका:

१) नगरपालिकासँग भएको सम्झौता बमोजिम उद्योग संचालन गर्ने।

२) नगरपालिकाका कृषकहरुलाई साईलेजको लागि मकै खेती गर्न प्रोत्साहन गर्ने।

३) नगरपालिकाका कृषकहरुलाई साईलेज उत्पादनको लागी पहिलो प्राथमिकतामा राख्ने ।

४) साईलेज विक्रि वितरण गर्दा प्रत्येक सिजनको लागी कम्तिमा १ महिनाको सूचना दिई नगरभित्रका कृषकलाई जानाकारी गराएर मात्र नगरभन्दा बाहिर विक्रि वितरण गर्नुपर्नेछ।

५) नगरभित्रका कृषकलाई साईलेज बिक्रि वितरण गर्दा प्रचलित बजार दरमा कम्तिमा ५ प्रतिशत सहुलियत दिनुपर्नेछ । प्रचलित बजर दर कायम गर्दा चलन चल्तीको अधिकतम मूल्य भन्दा बढी राख्न पाइने छैन ।

६) शाखासँग सम्झौता गरी कृषकहरुले उत्पादन गरेको मकै, टियोसेन्टी, नेपियर लगायतका घाँसको उचित समयमा उचित मुल्यमा खरिद गर्ने ग्यारेन्टी गर्ने।

७) उत्पादित साईलेजको बजार सुनिश्चित गर्ने।

८) उद्योगमा आवश्यक कर्मचारी तथा कामदारहरुको प्रवन्ध गर्ने।

देवचुली नगरपालिका राजपत्र

९) साईलेज उद्योगको आर्थिक कारोवारको हिसावकिताव (श्रेस्ता) दुरुस्त राख्ने र प्रत्येक आर्थिक वर्षको ३ महिना भित्र लेखा परीक्षण गरी एक प्रति पशु सेवा शाखा र एक प्रति नगरपालिकामा पेश गर्ने,

(ख) नगरपालिकाको भूमिका:

१. छनौट भएको संस्थासँग सम्झौता गर्ने।

२. संस्थाको क्रियाकलाप सन्तोषजनक देखिएमा दफा ४ को खण्ड ख (१५) बमोजिम म्याद थप गर्ने।

३. उद्योग सुचारु रुपमा संचालन हुने वातावरण तयार गर्ने।

४. मकै टियोसेन्टी नेपियर लगायतका साईलेज उत्पादनमा प्रयोग हुने घाँस खेतिमा कृषकहरुलाई प्रोत्साहन गर्न विविध कार्यक्रमहरु संचालन गर्ने।

५. उत्पादित साईलेज खपत गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने एवम् साइलेज विक्रिमा अनुदानको व्यवस्था गर्न सक्ने,

६. नगरपालिकाले आफै उद्योग संचलन गर्ने भएमा आवश्यक जनशक्ति व्यवस्था गरी छुटै युनिट खडा गर्ने व्यववस्था मिलाउने

७. कार्यालयले आफै उद्योग संचालन गरेको खणडमा उद्योगको आर्थिक कारोवारको बार्षिक लेखापरिक्षण गर्ने, गराउने।

८. उद्योगको नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

ग) शाखाको भूमिका:

(१) उद्योगको नियमित अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिने।

(२) मकै टियोसेन्टी नेपियर लगायतका साईलेज उत्पादनमा प्रयोग हुने घाँस खेतिमा

कृषकहरुलाई प्रोत्साहन गर्न विविध कार्यक्रमहरु संचालन गर्ने।

(३) नगरपालिकाले आफै युनिट खडा गरी उद्योग संचलन गरेको खण्डमा युनिट संचालनको लागी सहयोग र सहजिकरण गर्ने

(४) शाखाबाटै उद्योग संचालन भएको खण्डमा जनशक्ति व्यवस्थापन गरी उद्योग संचलन सहित  आवश्यक हिसाव किताब र लेखा श्रेष्ता राख्ने ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद ४
## विविध

**९) साईलेज उद्योगको लेखा सम्वन्धी ब्यवस्था**

क. संस्थाले साईलेज उद्योग संचालन गरको खण्डमा आर्थिक कारोवारको हिसावकिताव राखी प्रत्येक आर्थिक वर्षमा लेखापरिक्षण गराउनुपर्नेछ ।

ख. नगरपालिकाले आफै साईलेज उद्योग संचालन गरेको खण्डमा साईलेज उद्योगको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक निर्देशिका तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक निर्देशिका तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१०) अनुगमन, मुल्याकंन सम्वन्धि ब्यवस्था

यस उद्योगको अनुगमन तथा मुल्याकंन समन्वय समितिले गर्नेछ । आवश्यकता परेको खण्डमा नगरपालिकाले अन्य समिति समेत गठन गरी अनुगमन गर्न सक्नेछ ।

**१०) <u>थपघट वा हेरफेर</u>:**

(१) यो निर्देशिकाको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिकामा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

(२) निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यसको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

## परिच्छेद ५
## खारेजी तथा बचाउ

**११) खारेजीः** देवचुली नगरपालिको सहकार्यमा साइलेज उद्योग संचालन निर्देशिका, २०८० खारेज गरिएको छ ।

**१२) बचाउः** देवचुली नगरपालिकाको सहकार्यमा साइलेज उद्योग संचालन निर्देशिका, २०८० बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

देवचुली नगरपालिका राजपत्र

**अनुसुची १**

प्रस्ताव आव्हानको सुचनाको ढाँचा

देवचुली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

प्रस्ताव आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः................

मुख्यमन्त्री नवप्रवतर्न कार्यक्रम अन्तर्गत स्थापना गरिएको साईलेज उद्योगलाई देवचुली नगरपालिका साईलेज उद्योग संचालन कार्यक्रम संचालन निर्देशिका २०८१ बमोजिम निजी क्षेत्रलाई एकमुष्ट रकम कायम गरी ठेक्का प्रक्रिया बाट संचालन गर्ने सक्ने व्यवस्था बमोजिम एकमुष्ट न्यूनतम रकम वार्षिक रु ............तोकि निजी क्षेत्र बाट उद्योग संचालन गर्ने निर्णय भएकोले उद्योग संचालन गर्न ईच्छुक संस्थाहरुले यो सुचना प्रकाशन भएको १५ दिन भित्र तोकिएका कागजातहरु सहित कार्यालय समयमा गोप्य सिलबन्दी प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।प्रस्तावको ढाँचा तथा अन्य विस्तृत विवरण नगरपालिकाको वेव साईटमा राखिएको व्यहोरा अनुरोध छ ।

प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातः

**<u>प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

१. अनुसूची २ बमोजिमको ढाँचामा निवेदन
२. अनुसुचि ३ बमोजिमको बोलकबोल रकम फारम
३. बोलकबोल फारम किनेको रसिद
४. बोलकबोल धरौटी रकम -बोलकबोल रकमको ५ प्रतिशत (कार्यालयको धरौटी खातामा नगदै जम्मा गर्न सकिने वा बैक ग्यारेन्टी पेश गर्न सकिने)(खाता विवरण सूचनामा उल्लेख हुनेछ)
५. अनुसूची ४ बमोजिमको विस्तृत कार्ययोजना
६. प्रचलित कानुन अनुसार संस्था दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
७. स्थायी लेखा नम्बर भ्याट/दर्ताको प्रमाणपत्रको प्रतिलिपी
८. संस्थाको अधिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन
९. करचुक्ता प्रमाणपत्र
१०. कम्तिमा ३ बर्ष सम्म उद्योग संचालन गर्ने प्रतिवद्धता पत्र

## अनुसूचि २

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

देवचुली नगरपालिका

विषयः प्रस्ताव पेश गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति ................. गते प्रकाशित सूचना अनुसार म/हामी निवेदकले देवचुली नगरपालिकाको साईलेज उद्योग संचालन निर्देशिका, २०८१ बमोजिम साईलेज उद्योग संचालन गर्न ईच्छुक भई तोकिएका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/ छौं।

निवेदकः-

दस्तखत

संस्थाको नाम

ठेगाना

सम्पर्क नं.

देवचुली नगरपालिका राजपत्र

# अनुसुची ३

## बोलकबोल फारम ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

देवचुली नगरपालिका

### विषयः बोलकबोल रकम फारम

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति................. गते प्रकाशित सुचना अनुसार म/हामीले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थापना गरिएको साईलेज उद्योगलाई साईलेज उद्योग संचालन निर्देशिका २०८१ बमोजिम संचालन गर्न ईच्छुक भई तपसिल अनुसारको वार्षक रकम बोलकबोल गरी यो निवेदन पेश गरेका छु।छौ ।

| क.सं | नगरबाट कायम भएको बोलकबोल रकम (भ्याट बाहेक) | संस्थाले गरेको बोलबकोल रकम (भ्याट बाहेक) | संस्थाले गरेको बोलबकोल रकम (भ्याट सहित) |
|---|---|---|---|
| १ | | | |

बोलकबोल रकम अक्षरमा भ्याट बाहेकः

बोलकबोल रकम अक्षरमा भ्याट सहितः

निवेदकः

नामः

ठेगानाः

संस्थाको नामः

दस्तखत

मितिः

सम्पर्क नं.:

देवचुली नगरपालिका राजपत्र

## अनुसुची ४

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नामः

संस्थाको नामः सम्पर्क नम्बर ........................

ठेगाना............................ गाँउ/टोल ............................ वडा नं. ...................

संस्थाको परिचयः

संस्थाको उद्देश्यहरुः

संस्थाको बिद्यमान पूर्वाधारहरुः

संस्थाको बिद्यमान बित्तिय अवस्था :

साईलेज उद्योग संचालनको बिस्तृत कार्ययोजना

सहि गर्नेकोः

नामः

संस्थाको छापः

पदः

दस्तखतः

मितिः

देवचुली नगरपालिका राजपत्र

## अनुसूचि ५

## सम्झौता पत्रको ढाँचा

नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र ..... संस्था (यसपछि दोश्रो पक्ष भनिने) विच साईलेज उद्योग संचालन संचालन गर्न तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. पहिलो पक्षले दोश्रो पक्षलाई उद्योग संचालनका लागि आवश्यक भौतिक पूर्वाधार तथा मेशिनरी सामानहरु उपलब्ध गराउनेछ।
३. साईलेज उद्योग संचालनका लागि हुने अन्य खर्चहरु दोस्रो पक्षले ब्यहोर्नेछ।
४. दोस्रो पक्षले समन्वय समितिको समन्वयमा रही उद्योग संचालन गर्नुपर्नेछ।
५. कृषकहरुबाट खरिद गरिने मकैको मूल्य निर्धारण तथा बिक्री गरिने साईलेजको बिक्री मूल्य प्रचलित बजार मूल्यको आधारमा संस्थाले गर्न पाउनेछ । तर त्यसरी मूल्य निर्धारण गर्दा प्रचलित बजार दर भन्दा बढी भएको खण्डमा नगरपालिकाको समन्वय समितले आवश्यक निर्देशन दिन सक्नेछ । नगरभित्रका कृषको हकमा दोस्रो पक्षले प्रचलित बजार मुल्य भन्दा ५ प्रतिशत कम मूल्यमा साईलेज विक्रि वितरण गर्नुपर्नेछ ।
६. दोस्रो पक्षले उत्पादित साईलेज विक्रि वितरणको लागी पहिलो प्राथमिकता देवचुली नगरपालिकाको कृषकहरुको लागी हुनुपर्नेछ । नगरपालिका भित्र रहेका कृषकहरुको लागी विक्रि वितरण गर्नको लागी प्रत्येक सिजनमा उत्पादन भएका साइलेजको लागी कम्तिमा ३० दिनको सूचना नगरपालिकाको कार्यालय मार्फत दिनुपर्नेछ र उक्त समयमा साईलेज विक्रि नभएमा दोस्रो पक्षले नगरपालिका भन्दा बाहिरी क्षेत्रमा समेत विक्रि वितरण गर्न पाउनेछ ।
७. दोस्रो पक्षको कार्य सन्तोषजनक भएमा प्रथम पक्षको निर्णय भएअनुसार दोस्रो पक्षले बढीमा ३ बर्ष सम्म उद्योग संचालन गर्नसक्नेछ।उद्योग संचालन सम्झौता १ बर्षको लागि हुनेछ र प्रत्येक बर्ष नयाँ सम्झौता गर्नुपर्नेछ।दोस्रो पक्षले बुझाउनु पर्ने राजस्व रकम प्रत्येक दुई वर्षमा १० प्रतिशतका दर बृदि हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

८. प्रथम पक्षलाई दोस्रो पक्षको काम कारवाही सन्तोषजनक नलागेका बिचमै सम्झौता भङ्ग गर्न सक्नेछ ।

९. दोस्रो पक्षले उद्योगका आम्दानी र खर्चका बीलहरुको लेखा राखी प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण गराउनु पर्नेछ र उक्त लेखा परीक्षण प्रतिवेदनको एक प्रति देवचुलि नगरपालिकाको कार्यालय र एक प्रति पशु विकास शाखामा बुझाउनु पर्नेछ ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

११. उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिदियौंलियौं। /

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः |
| | छापः |

इति सम्बत........... साल .................... महिना ....................गते रोज ...... शुभम् ।

आज्ञाले

दिबाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र